आज मिति २०७५ साल कार्तिक २९ गते बिहिवारका दिन यस नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारी ज्यूको अध्यक्षतामा तपशिल महानुभावहरुको उपस्थितिमा विशेषनगर सभाको बैठक बसियो ।

| सि.नं | पद | नाम,थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उप प्रमुख | श्री ज्ञानमाया डंगोल | | |
| ३ | वडा अध्यक्ष - १ | श्री श्रीकृष्ण अधिकारी | | |
| ४ | वडा अध्यक्ष- २ | श्री दिपकराज जोशी | | उपस्थित मात्र, |
| ५ | वडा अध्यक्ष - ३ | श्री सिंहराज श्रेष्ठ | | कार्यसूचीको बाहेक |
| ६ | वडा अध्यक्ष - ४ | श्री धर्मेन्द्र श्रेष्ठ | | |
| ७ | वडा अध्यक्ष - ५ | श्री जगन्नाथ ढकाल | | |
| ८ | वडा अध्यक्ष - ६ | श्री महेश्वर के.शी. | उपस्थिति | मात्र |
| ९ | वडा अध्यक्ष -७ | श्री नरोत्तम राना | | |
| १० | वडा अध्यक्ष -८ | श्री केशव बहादुर खत्री | | |
| ११ | वडा अध्यक्ष -९ | श्री जोग प्रसाद नेपाल | | |
| १२ | वडा अध्यक्ष -१० | श्री मधुसुदन पाण्डे | | |
| १३ | वडा अध्यक्ष -११ | श्री उत्तम अधिकारी | | उपस्थिति मात्र |
| १४ | नगर का.सदस्य | श्री शोभा तमाङ्ग | | |
| १५ | नगर का.सदस्य | श्री कल्पना घिमिरे | | |
| १६ | नगर का.सदस्य | श्री जगतमाया महर्जन | | |
| १७ | नगर का.सदस्य | श्री बच्चु वस्याल | | |
| १८ | नगर का.सदस्य | श्री संजिव सुनुवार | | |
| १९ | नगर का.सदस्य | श्री लिला भुजेल | | |
| २० | नगर का.सदस्य | श्री उर्मिला बि.क. | | |
| २१ | नगर का.सदस्य | श्री पार्बती अधिकारी | | |
| २२ | वडा सदस्य | श्री जगतलाल शाही | | |
| २३ | वडा सदस्य | श्री कविता गौतम दुलाल | | |
| २४ | वडा सदस्य | श्री सुनिता श्रेष्ठ परियार | | |
| २५ | वडा सदस्य | श्री बुलाल महर्जन | | |
| २६ | वडा सदस्य | श्री सूर्य बहादुर तामाङ | | |
| २७ | वडा सदस्य | श्री पञ्चकुमारी श्रेष्ठ | | उपस्थितिको लागि मात्र |
| २८ | वडा सदस्य | श्री प्रतिमा हिङ्गाड | | उपस्थितिको लागि |
| २९ | वडा सदस्य | श्री प्रेमकृष्ण खड्गी | | उपस्थित मात्र |

| | | | | |
|---|---|---|---|---|
| ३० | वडा सदस्य | श्री हेरकाजी महर्जन | उपस्थितिको लागि मात्र | |
| ३१ | वडा सदस्य | श्री सिर्जना आचार्य | | उपस्थिति मात्र |
| ३२ | वडा सदस्य | श्री राममाया नेपाली | | ׀׀ |
| ३३ | वडा सदस्य | श्री मुकुन्दराज कुँवर | उपस्थितिको लागि मात्र | |
| ३४ | वडा सदस्य | श्री हरिमान श्रेष्ठ | (उपस्थितिको | लागि मात्र) |
| ३५ | वडा सदस्य | श्री बबि नगर्ची | | |
| ३६ | वडा सदस्य | श्री मधुकर बस्नेत | | |
| ३७ | वडा सदस्य | श्री राम बहादुर ठकुरी | | |
| ३८ | वडा सदस्य | श्री आशा दमिनी | | |
| ३९ | वडा सदस्य | श्री चिरञ्जिबी के.सी | | |
| ४० | वडा सदस्य | श्री रत्नमान श्रेष्ठ | | |
| ४१ | वडा सदस्य | श्री शान्ता खनाल | | उपस्थितिको लागि मात्र |
| ४२ | वडा सदस्य | श्री दिलमाया विश्वकर्मा | | उपस्थितिको लागि |
| ४३ | वडा सदस्य | श्री चन्द्रप्रकाश श्रेष्ठ | | |
| ४४ | वडा सदस्य | श्री हरि बहादुर खत्री | | |
| ४५ | वडा सदस्य | श्री अनिता कुँवर रोकाया | | |
| ४६ | वडा सदस्य | श्री गोपीकृष्ण पाठक | | |
| ४७ | वडा सदस्य | श्री सानुराजा वस्नेत | | |
| ४८ | वडा सदस्य | श्री निशा पाण्डे | | उपस्थितिको लागि |
| ४९ | वडा सदस्य | श्री सुनिता गजमेर बि.क. | | उपस्थिति मात्र |
| ५० | वडा सदस्य | श्री चन्द्रावती न्यौपाने | | उपस्थितिको लागि |
| ५१ | वडा सदस्य | श्री विन्दा घटानी | | |
| ५२ | वडा सदस्य | श्री रामभक्त घिमिरे | | |
| ५३ | वडा सदस्य | श्री नविन महर्जन | | |
| ५४ | वडा सदस्य | श्री लिलादेवी अधिकारी | | |
| ५५ | वडा सदस्य | श्री सूर्य कुमार नेपाली | | |
| ५६ | वडा सदस्य | श्री रिदेशलालसिं महर्जन | | |
| ५७ | वडा सदस्य | श्री तारा कंडेल पाण्डे | | उपस्थितिको लागि |
| ५८ | वडा सदस्य | श्री फूलमाया विश्वकर्मा | | उपस्थितिको लागि मात्र |
| ५९ | वडा सदस्य | श्री मनोज भण्डारी | उपस्थितिको | लागि मात्र |
| ६० | वडा सदस्य | श्री महेश थपलिया | | |
| ६१ | सदस्य सचिव / नि.प्रमुख प्रशासकीय अधिकृत | श्री बासुदेव भेटवाल | | |

**टोखा नगरपालिका**

दर्ता नं. १११४१

मिति २०७५।०७।१५

श्रीमान प्रमुख ज्यू ।

टोखा नगरपालिका, मैजुबहिटी, काठमाडौं ।

**विषय : विशेष नगरसभा बैठक बोलाई पाउँ भन्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा हामी तपसीलमा उल्लेखित यस टोखा नगरकार्यपालिका नगरसभा सदस्यहरुले विगतका कार्यपालिका एवं नगरसभा बैठकहरुमा नगरकार्यपालिकाको कार्यालयबाट प्रदान गरिने सेवामा ढिला सुस्ति, आर्थिक अपारदर्शिता, सार्वजनिक जग्गा संरक्षण, योजना एवं कार्यक्रम छनौट र कार्यान्वयनमा पारदर्शिता साथै दिगो विकास गर्नु समेतका जनताका सरोकारका विषयहरु बरन्त सम्मत व्यवस्थापन गरी आउनेहरुदा बहुमतको दम्भमा कानुन विपरित गोप्य रुपमा आफु अनुकूलको एकलौटी निर्णय गरि उक्त आर्थिक अपारदर्शिता भएको हामीले महसुस गरेका छौं । यसै क्रममा हामी तपशिलमा उल्लेखित नगरसभाका सदस्यहरुलाई स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १९ को उपदफा (३) बमोजिम आधिकारिक जानकारी नदिएता पनि गत आषाढमा पटक पटक नगरसभा बैठक बस्दैछ भनी थाहा पाई बैठकमा उपस्थित भयौं । तर हाम्रो उपस्थितिमा कुनै प्रस्ताव भनी माइन्युट गरी सामाजिक सञ्जाल फेसबुक मार्फत सार्वजनिक गरियो । सो निर्णय प्रस्तुत एवं छलफल नगरी पछि आफु खुसि निर्णय लेखि सर्वसम्मत नगरसभाको निर्णय प्रति असहमति जनाई पटक पटक नगर प्रमुख समक्ष बहस छलफल हुँदा कानुन अनुसार सभाको निर्णय संसोधन गर्ने भनिएकोमा आजसम्म सो सम्वन्धि कुनै पनि कुरा नगरी सोही अवैधानिक नगरसभाका निर्णय कार्यान्वयन गर्न गराउन लागिएको हुँदा ऐनमा व्यवस्थाभए बमोजिम नगरसभाको बैठक बोलाउन माग गरेका छौं । निम्न कारण गत आषाढ २९ को नगरसभाका बैठक एवं निर्णयहरु वैधानिक छैनन् तसर्थ स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (३) बमोजिम विशेष नगरसभाको बैठक माग गरेका छौं । कानुन बमोजिम नगरसभाको बैठक बोलाई पाउँ भनि श्रीमान प्रमुख समक्ष निवेदन गर्दछौं ।

**विशेष बैठक बोलाउनु पर्ने कारणहरु**

१) स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १९ को उपदफा (३) बमोजिम विशेष नगरसभाको बैठक बस्ने मिति, समय, स्थान र बैठकको कार्यसूचि सहितको लिखित सूचना बैठक बस्ने दिन भन्दा कम्तीमा ७ दिन अगावै प्रमुखको निर्देशनमा प्रमुख प्रशासकिय अधिकृतले सभाका सबै सदस्यहरुलाई पठाउनु पर्नेमा कुनै जानकारीसमेत नगराइएको ।

२) नगरसभामा पेशहुने योजना तथा कार्यक्रम छनौट प्रकिया , बजेटको सिलिङ एवं अन्य निति तथा विषयको जानकारी गराउने गरि सरोकारवालाहरु बीच पूर्व योजना तर्जुमा गोष्ठी नगरेको नभएको ।

३) गत आ.व. ०७४/०७५ को योजना तथा कार्यक्रमको समिक्षा प्रगति, आय-व्यय बिवरणको सार्वजनिकीकरण नगरेको ।

४) हरेक आ.व.मा चौमासिक कम्तीमा तीन पटक सार्वजनिक सुनुवाई गर्नु पर्नेमा एकपटक पनि नगरेको, नगराइएको ।

५) सार्वजनिक जग्गा बाटो, निकास, मठमन्दिर जस्ता सार्वजनिक सम्पतिको व्यापक अतिक्रमण हुदा पनि कारवाही नगरि जनप्रतिनिधि स्वंयले कानुन हातमा लिई सार्वजनिक जग्गा एवं बाटो अतिक्रमण गरेको भनि पत्रपत्रिका मार्फत सार्वजनिक हुदा समेत कुनै कार्वाहि नगरेको, नगराइएको ।

६) सभाबाट योजना तर्जुमा गर्दा पुन ऐनको दफा २४ को उपदफा (१) बमोजिम आवधिक एवं वार्षिक रणनितीगत तथा दिर्घकालिन विकास योजनाको सुचि बनाई लागु गर्नु पर्नेमा केहि नगरेको ।

७) उक्त ऐनको दफा २४ को उपदफा (५) बमोजिम योजना तर्जुमा एवं कार्यान्वयन गर्दा स्थानिय टोल एवं वडाका सबै सरोकार वाला जनसमुदायहरुको अधिकतम सहभागिता भेला बैठकबाट गर्नु पर्नेमा केही नगरि आफु खुसी गरेको ।

८) ऐनको दफा २४ को उपदफा (६) अनुसार योजना तर्जुमा गर्दा सम्भाव्यता अध्ययन, श्रोत साधनको पुर्व अनुमान, आयोजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मुल्याङ्कन समेतको कुनै व्यवस्था नगरेको ।

९) ऐन विपरित करोडौका योजना ब्लकमा राखि आफु अनुकुल योजना वितरण गर्न लागेको ।

१०) लक्षित वर्गको आय आर्जन, रोजगार एवं क्षमता विकास कार्यक्रमको करोडौ रकम ब्लकमा राखी प्रमुख/उप-प्रमुख समेतले आफ्नो तजविजिमा ऐन विपरित योजना कार्यान्वयन गर्न खोजेको ।

११) २०७५ आषाढ २८ मा नगरसभा सम्पन्न भनिएको निर्णय प्रतिलिपी श्रावण १ बाट कार्यान्वयन गर्ने गराउने भनि सबै वडा कार्यालयमा प्राप्त भएकोमा भारी वृद्दि भएको घर जग्गा एवं मालपोत लगाएत कर जनस्तरबाट ठूलो विरोध पछि श्रावण ६ गते उक्त वृद्दि करमा केहि छुट गरेको भनी वडाहरुमा पत्र पठाएको । २०७५ आषाढ २८ गतेको निर्णय संसोधन गर्ने गरेको निर्णय प्रकियामा नै कानुन सम्मत छैन ।

अन्तमा मागअनुसार विशेष नगर सभाको कानुन संगत निर्णय नहुदाँ सम्म अवैधानिक गत आषाढ २८ को नगरसभाका निर्णय कार्यान्वयन नगरियोस, नगराईयोस् ।

निवेदकहरु :

| सि.न | नाम, थर | पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | दिपकराज ओरुती | अध्यक्ष | ९८५१२२९१८२ | |
| २ | सिहरोज श्रेष्ठ | ,, | ९८४१३३६९१० | |
| ३ | महेश्वर के.सी | ,, | ९८५१००३२३६ | |
| ४ | केशवबहादुर खड्की | ,, | ९८५१०६२६०० | |
| ५ | उत्तम अधिकारी | ,, | ९८४१८२५१६५ | |
| ६ | हेराकाजी महर्जन | सदस्य | ९८५११०३६५० | |
| ७ | प्रेमकृष्ण खड्गी | ,, | ९८५१०४५०५२ | |
| ८ | पंचकुमारी श्रेष्ठ | ,, | ९८४१०१९६५१ | |
| ९ | प्रतिमा हिङमाङ | ,, | ९८१८३५१२६३ | |
| १० | हरिमान श्रेष्ठ | ,, | ९८५१००२४६३ | |
| ११ | मुकुन्दराज डुवर | ,, | ९८४१४६३१६१ | |
| १२ | सुजना आचार्य | ,, | ९८४९६८५२८ | |
| १३ | रामसाया नेपाली | ,, | ९८०८२०००९६ | |
| १४ | शान्ता खनाल | ,, | ९८४१६६६६६१ | |
| १५ | दिलमाया विश्वकर्मा | ,, | ९८४१५०३९३८ | |
| १६ | निशा पाण्डे | ,, | ९८४१०१३९५६ | |
| १७ | चन्द्रावती न्यौपाने | ,, | ९८५१२३६८३८ | |
| १८ | सुनिल गजमेर वि.क | ,, | ९८४३२४५०९२ | |
| १९ | तारा डुडेल पाण्डे | ,, | ९८४३०६८८६६ | |
| २० | मनोज भण्डारी | ,, | ९८५१०८९४२३ | |
| २१ | फुलमाया विश्वकर्मा | ,, | ९८४३०६८८६६ | |

**बोधार्थ एवं कार्यार्थ**

१) संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालय सिंहदरवार, काठमाडौं ।

२) माननीय उप प्रधान एवं रक्षा मन्त्री क्षेत्र नं. ५ प्रतिनिधिसभा सदस्य श्री ईश्वर पोखरेल ज्यू ।

३) माननीय पूर्व रक्षा मन्त्री तथा प्रतिनिधि सभा क्षेत्र नं. ६ सदस्य श्री भीमसेनदास प्रधान ज्यू ।

नगरसभाका सदस्यज्यूहरु
सवैमा हार्दिक अविभादन व्यक्त गर्दछु ।

आर्थिक वर्ष २०७५/७६ को लागि विषेश नगरसभा वैठक वोलाई पाउँ भनि यस सभाका केहि सदस्य साथीहरुले मिति २०७५ कार्तिक १५ गतेका दिन नगर कार्यपालिकाको कार्यालयमा निवेदन दर्ता गरेका कारणले स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार यो विषेश नगरसभाको वैठक आज मिति २०७५ कार्तिक २९ गते वस्न गईरहेका छौं । यस आर्थिक वर्ष २०७५/७६ को नगरसभा वैठक स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार गत २०७५ आषाढ १० गते यसै हलमा यस सम्मानित सभा समक्ष नीति तथा कार्यक्रम प्रस्तुत गर्दै शुरु भई चरणवद्ध रुपमा यस सभाले छलफल गर्दै २०७५ आषाढ २७ गते सवै सदस्यहरुको उपस्थितमा वडा नं. ३ को हलमा ध्वनी मतका साथ पारित गरि २०७५ श्रावण १ गते देखि सोहि सभाले दिएको अधिकार प्रयोग गरि नगरपालिकाका हरेक अंगहरुवाट काम कार्वाही हुदै आएको कुरा सवैमा जानकारी छदैछ । उक्त सभामा केहि सदस्य साथीहरुको केहि मौखिक विमतीहरु थिए ति विमतीहरु हटाई सवैको साझा दायित्व नगरको समुचित विकास गर्ने नगरवासीका आकाक्षांहरु पुरा गर्ने र नगरलाई सुन्दर नगरी निर्माण गर्ने संकल्प गरी सोहि सभाले गरेका निर्णयानुसार आज सम्म सम्पुर्ण काम कार्वाहीहरु हुदै आएको सवैका सामु घाम जतिकै छर्लङ छदैछ । स्थानीय सरकार संचालन यो नितान्त नयाँ परिवेश हो यो सवैका लागि नयाँ अध्याय शुरुवात भएकोले कतिपय काम कार्वाहीहरु हाल सम्म पनि के कसरी कार्यान्वयन गर्ने भन्ने कुरारहरु अझैपनि दुविधाहरु प्रशस्तनै रहेको परिपेक्ष्यमा सवैको एकमत एकविचार एकभावना नगरी नगरवासीका चाहान तथा हामी जनप्रतिनिधीहरुको प्रतिवद्धता पुरा गर्न सक्ने अवस्था श्रृजना नहुन सक्दछ तसर्थ सवैको एउटै साझा उदेश्य साझा भावना तथा साझा संकल्प हुनु नै आजको मूल आवश्यकता रहेको छ । तसर्थ म सवै नगरसभा सदस्यसाथीहरुलाई यो आग्रह गर्दछु की समग्र नगरको विकासको लागि तेरो मेरो यो पाटी उ पाटी नभनि कुनै पनि पक्ष प्रति-पक्षको व्यवहार नगरी संविधान,कानून ,स्थानीय सरकार संचालन ऐन तथा नगरसभाको म्यान्डेट अनुसार आ.व २०७५/७६ का विनियोजित योजना तथा कार्यक्रम सफलतापुर्वक सम्पन्न गर्नको लागि सवैले आ-आफ्नो स्थानवाट आवश्यक सहयोग गर्न र योजना तथा कार्यक्रमहरु पेश नगर्ने वडा समितिहरुलाई यसै विषेश नगरसभा मार्फत योजना तथा कार्यक्रम पेश गर्न आग्रह गर्दछु । केहि वडाका साथीहरु संग यस नगरसभाको वैठक शुरु हुनेवेलामा समेत विभिन्न समझदारी भएको छ उक्त समझदारीको विषयहरुलाई कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्दै समझदारी हुन नसकेका विषयहरुमा थप संवाद र छलफल गरी समुन्नत नगर निर्माणको दिशामा अग्रसर हुनु हुन समेत अनुरोध गर्दछु ।

यस विषेश नगरसभा वैठक वोलाउनको लागि माग गर्ने २१ जना सदस्यहरुको प्रतिनिधित्व गर्दै छलफलका विषयहरु राख्न समय दिन्छु ।

टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ग्रैंडुहटी, काठमाडौं

यस विषेश नगरसभा वैठक वोलाउनको लागि सदस्यसाथीहरुको असमझदारीका वुदांहरु तपशिल वमोजिम सम्वोधन गर्ने प्रस्ताव गर्दछु ।

१. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १९ को उपदफा(३) वमोजिम नगरसभा वैठक वस्ने मिति समय स्थान र वैठकको कार्यसुचि सहितको लिखित सूचना वैठक वस्ने दिन भन्दा कम्तिमा ७ दिन अगावै पठाउनु पर्नेमा सो नभएकोले विषेश नगरसभा वैठक वोलाउनु परेको भनि वुदाँ नं १ को मागका सम्वन्धमा -

आर्थिक वर्ष २०७५/७६ को वार्षिक वजेट योजना तथा कार्यक्रम तयार गरी पठाउन मिति २०७५/२/१८ को च.नं.४३६५ वाट निर्धारित ढाँचामा सम्वन्धित पक्षहरु संग छलफल गरी प्राथमिकताका आधारमा कार्यक्रमहरु छनोट गरी २०७५/२/२५ गते भित्र नगरपालिकाको कार्यालयमा उपलब्ध गराई दिन सवै वडा कार्यालयहरुलाई पत्राचार गरिएकोमा कतिपय वडा कार्यालयहरुवाट समयमानै योजनाहरुको सूचि प्राप्त नभएको यस सभाका सम्पुर्ण सदस्यहरुलाई विदितै छ । जसले गर्दा आषाढ मसान्त भित्र नगर सभाका सम्पुर्ण गतिविधिहरु सम्पन्न गर्नु पर्ने कानूनी वाध्यताका वीच आषाढ १० गते नगर सभामा नीति तथा कार्यक्रम प्रस्तुत गरिएको थियो। उक्त नगरसभामा विषेश परिस्थितीले उपस्थित हुन नसकेका ३ जना सदस्य वाहेक ५७ जना नगरसभाका सदस्यहरुको उपस्थिती रहेको थियो । नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा पनी केहि साथीहरुको असन्तुष्टीलाई सम्वोधन गर्ने अधिकतम् प्रयत्न गरेको र वहाँले नीति तथा कार्यक्रम प्रति राख्नु भएको सम्शोधन समेत २०७५ आषाढ १५ गते वसेको सभाले अनुमोदन गरी सोहि नीति तथा कार्यक्रमलाई टेकेर २०७५ आषाढ २७ मा वजेट तथा कार्यक्रम ध्वनीमतका साथ स्वीकृत भएको र सो कार्यक्रमको लागि २०७५/३/२० मा नै पत्राचार भएको यहाँहरु सवैमा पुनस्मरण गराउन चाहान्छु ।

देशको केन्द्रिय राजधानी रहेको स्थानीय सरकारका जनप्रतिनिधीहरु सवै सूचनाको पहूँच संग अत्यन्त नजिक छौं लगभग सवै सदस्य साथीहरु सोसल मिडीयामा पनि आवद्ध छौं नगरपालिकावाट विभिन्न वैठकहरुमा सदस्यज्यूहरुलाई आमन्त्रण गर्न प्रविधिको प्रयोग गर्ने गरिएको छ । नगरपालिकाका हरेक गतिविधिहरु तथा सूचनाहरु नगरपालिकाको वेभसाईटमा राखिएको छ । सूचना प्रविधिको अधिकतम् प्रयोगवाट मात्रै संवृद्धि सम्भव छ । संघीय सरकारले क्रमागत रुपमा पेपरलेस गर्ने नीति अख्तियार गरी आएको वर्तमान अवस्थामा राजधानीमानै रहेको स्थानीय सरकारले उक्त कार्यलाई प्राथमिकता दिदै अगाडी वढ्नु पर्ने छ । साथै सम्वन्धित कर्मचारीहरु वडा/नगर लाई नगरपालिका तथा सम्वन्धित मन्त्रालय तथा अन्य कार्यालयहरुको वेभसाईटवाट समेत आफुसंग सम्वन्धित पत्रहरु जनप्रतिनिधिहरुलाई अविलम्व उपलव्ध गराउन निर्देशन दिने छु ।

२. नगरसभामा पेश हुने योजना तथा कार्यक्रम छनौट प्रक्रिया वजेट सिलिङ एंव नीतिगत विषयको जानकारी गराउने गरि सरोकारवालाहरु वीच पुर्व योजना तर्जुमा गोष्ठी नगरेको/नभएको सम्वन्धमा-

चा.लु आर्थिक वर्ष २०७५/७६ को वार्षिक योजना तथा कर्यक्रम तयारीका सम्वन्धमा सम्वन्धित पक्षहरुसंग आवश्यक छलफल गरी नगरपालिकामा पेश गर्नको लागि मिति २०७५/२/१८ मा निर्धारित ढाँचा सहित पत्राचार गरिएको र सो सम्वन्धमा थप स्पष्टता तथा वजेट सिलिङ सम्वन्धमा मिति २०७५/२/२४ गते वसेको नगरसभाको वैठकमा सभाको सचिवले पावर प्वाईन्ट मार्फत आ.व २०७५/७६ को वजेट तथा योजना पुर्व तयारी सम्वन्धि थप स्पष्टता गराएको व्यहोरा

सवै सदस्य साथीहरुलाई अवगतनै छ । यध्यपी चालु आ.वको प्रथम चौमासिक अवधि समाप्त हुदाँ समेत वडा नं. २, ३, ६ ,८ र ११ वाट वडासमितिको जिम्मेवारी भित्र रहेको योजना प्राथमिकीकरण गरी पठाउने कार्य नभएकोमा व्यापक जनगुनासो रहेको र चालु आ.वको योजना तथा कार्यक्रम संचालनको लागि सम्वन्धित वडाहरुमा कठिनाई सृजना भएको यस सभालाई जानकारी गराउदै उल्लेखित वडा समितिहरुलाई आ-आफ्नो जिम्मेवारी वोध गर्न समेत आग्रह गर्दछु ।

३. गत आ.व २०७४/७५ को योजना तथा कार्यक्रमको समिक्षा प्रगति आय-व्यय विवरणको सार्वजनिकरीकरण नगरेको-

नगर कार्यपालिकाको वैठकहरुमा योजना तथा कार्यक्रमको समिक्षा हुने गरेको नै छ । आ.व २०७४/७५ को आय व्ययको विवरण नगरसभामा प्रस्तुत गरिएको नै हो । साथै आगामी दिनमा अर्धवार्षिक तथा वार्षिक समिक्षा कार्यक्रम सवै वडा कार्यालय तथा विषयगत शाखाहरुवाट समयमानै प्रतिवेदन संकलन गरि एकिकृत अर्धवार्षिक तथा वार्षिक समिक्षा कार्यक्रमहरु संचालन गर्न नगर कार्यपालिका कार्यालयलाई निर्देश गर्दछु ।

४ हरेक आ.व मा चौमासिक कम्तिमा तीन पटक सार्वजनिक सुनुवाई गर्नु पर्नेमा एक पटक पनि नगरेको/नगराईएको -

साविकको स्थानीय निकायमा लामो समयसम्म जनप्रतिनिधि विहिन अवस्था रहेकोमा स्थानीय निकाय श्रोत परिचालन निर्देशिका-२०६९ मा उल्लेखित व्यवस्था रहेकोमा हाल स्थानीय निकायहरु स्थानीय सरकारका रुपमा रुपान्तरित भई स्थानीय जनप्रतिनिधीहरु समेत वहाल भई स्थानीय सरकार संचालन ऐन २०७४ अनुरुप संचालन भएकोले स्थानीय तहका सवै गतिविधिहरु जनप्रतिनिधी मार्फत स्थानीय वासीहरुलाई जानकारी हुने तथा स्थानीय वासीका समश्याहरु जानप्रतिनिधिहरुलाई अवगत हुने र सोहि वमोजिम वडा समिति, नगर कार्यपालिका र नगरसभावाट सम्वोधन हुने हुदाँ सार्वजनिक सुनुवाई वाध्यकारी नरहेको कुरा यस सभामा जानकारी गराउन चाहान्छु । साथै यस आर्थिक वर्षमा सार्वजिक सुनुवाई गर्न आवश्यकता वजेट समेत विनियोजन भई सकेको व्यहोरा यस सभाका सदस्यज्यूहरुलाई स्मरण गराउन चाहान्छु ।

५ सार्वजनिक जग्गा वाटो निकास मठमन्दिर जस्ता सार्वजनिक सम्पतिको व्यापक अतिक्रमण हुदाँ पनि कारवाही नगरी जनप्रतिनिधि स्वंयमले कानून हातमा लिई सार्वजनिक जग्गा एंव वाटो अतिक्रमण गरेको भनि पत्रपत्रिका मार्फत सार्वजनिक हुदाँ समेत कुनै कार्वाही नगरेको/नगराईएको –

स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ अन्तर्गत नगरपालिकाको माक कर्तव्य र अधिकारका सम्वन्धमा दफा ११ उपदफा २( क) (२)(छ) मा सार्वजनिक ऐलानी र पर्ती जग्गा सार्वजनिक भवन, सम्पदा तथा भौतिक पुर्वाधारको संरक्षण र सुरक्षा गर्न नगर प्रहरी परिचालन गर्न सक्ने उल्लेख छ । साथै दफा १२ मा वडा समितिको काम कर्तव्य र अधिकार अन्तर्गत उपदफा २(ख) २ मा ऐतिहासिक, पुरातात्विक, सास्कृतिक, तथा धार्मिक महत्वका सम्पदा, प्राचिन स्मारक, सार्वजनिक तथा सामुदायकि भवन, सार्वजनिक,ऐलानी, पर्ती जग्गाको लगत राख्रे तथा संरक्षण गर्ने उल्लेख छ। सार्वजनिक जग्गाको संरक्षण सिंगो नगरपालिकाको कर्तव्य र जिम्मेवारीको विषय हो । तसर्थ म सम्पुर्ण जनप्रतिनिधी एंव सिगों नगरपालिकालाई आ-आफ्नो जिम्मेवारी र कर्तव्य निर्वाह गर्न आग्रह गर्दछु । साथै सवै वडा कार्यालयहरुले आ-आफ्नो वडा क्षेत्रभित्रका सार्वजनिक सम्पतिको अभिलेख राख्र समेत आग्रह गर्दछु ।

६. ६,७ र ८ को सभावाट योजना तर्जुमा गर्दा पुन ऐनको दफा २४ को उपदफा(१)(५)र (६) वमोजिम नगरेको-

स्थानीय सरकारले स्थानीय सरकार संचालन ऐनको मार्गदर्शन वमोजिम आफ्ना गतिविधिहरु संचालन गर्नै पर्ने हुन्छ । कतिपय कानूनी अस्पष्टता, संस्थागत क्षमता , नियमावली तथा कार्यविधिको अभावमा ऐनको प्रभावकारी कार्यान्वयनमा कठिनाई समेत पर्न गएकोले आगामी दिनमा यस्ता कमि कमजोरीहरु हटाई योजना तर्जुमा तथा कार्यान्वयनको चरणहरुलाई प्रभावकारी वनाउन नगर कार्यपालिकालाई निर्देशन दिन चाहान्छु ।

७. ऐन विपरित करोडौंका योजना राखि आफु अनुकुल वितरण गर्न लागेको-

ऐनको भावना विपरित कुनैपनि योजना व्लकमा राखिएको छैन । समपुरक कोषका सन्दर्भमा सरोकारवालाले आवश्यक समपुरक रकम जम्मा गरेको अवस्थामा मात्र रकम खर्च गर्न सकिने हुदाँ उपभोक्ताको प्रतिवद्धता आएपश्चात कार्यपालिकाको निर्णय वमोजिम कोषवाट विनियोजन गर्न सकिने गरि नगरसभावाट अधिकार प्रत्यायोजन भए वमोजिम नगर कार्यपालिकाले निर्णय गरि कार्यान्वयन गरिएको छ । तसर्थ आफु अनुकुल कुनै पनि योजना वितरण गर्न लागेको भन्ने कुरामा कुनै सत्यता नरहेको जानकारी गराउँदछु ।

८. लक्षित वर्गको आय आर्जन, रोजगार एंव क्षमता विकास कार्यक्रमको करोडौं रकम व्लकमा राखी प्रमुख/उप-प्रमुख समेतले आफ्नो तजविजीमा ऐन विपरित योजना कार्यान्वयन गर्न खोजेको-

लक्षित वर्ग कार्यक्रमहरु आ.व २०७४/७५ मा कार्यान्वयन गर्ने सन्दर्भमा देखिएका कमिकमजोरीहरुलाई सुधार गर्दै थप प्रभावकारी ढंगले संचालन गर्ने उदेश्यले साविकमा वडागत रुपमा कार्यान्वयन भए वमोजिमका कार्यक्रमहरुलाई वडा समितिकै प्राथमिकता वमोजिम निरन्तरता दिई परिक्षणको रुपमा जनप्रतिनिधीहरुकै सहभागितामा छुट्टै कार्यविधि वनाई नगरस्तरवाट कार्यान्वयन हुने गरी उपलब्धि मुलक क्षमता विकासका कार्यक्रम संचालन गर्ने मनसायले नगर कार्यपालिकाको निर्णय वमोजिम खर्च गर्ने गरि रु ७५ लाख विनियोजन गरिएको हो यसमा सवै जनप्रतिनिधिहरुको साझा भावनाको कदर हुने गरि कार्यान्वयन हुने प्रतिवद्धता व्यक्त गर्दछु ।

९. २०७५ आषाढ २८ मा सम्पन्न नगरसभा सम्पन्न भनिएको निर्णय प्रतिलिपी श्रावण १ वाट कार्यान्वयन गर्ने गराउने भनि वडा कार्यालयमा प्राप्त भएकोमा भारी वृद्धि भएको घरजग्गा एंव मालपोत लगायत कर जनस्तरवाट ठूलो विरोध पछि श्रावण ६ गते उक्त वृद्धि करमा केहि छुट गरेको भनि वडाहरुमा पत्र पठाएकोले २०७५/३/२८ गतेको निर्णय संशोधन गर्ने गरेको निर्णय प्रक्रियामा नै कानून सम्मत छैन ।

स्थानीय सरकार संचालन ऐनको व्यवस्था वमोजिम २०७५ श्रावण १ गते देखि स्थानीय तहहरुले अनिवार्य रुपमा एकीकृत सम्पतिकर लगाउनु पर्ने कानूनी प्रावधान वमोजिम नगरपालिकाले एकीकृत सम्पतिकरको व्यवस्था लागू गर्ने तयारी गरिरहेको सन्दर्भमा संघीय सरकारको वजेट वक्तव्य मार्फत एकीकृत सम्पतिकरको प्रावधान सम्शोधन गरी सम्पतिकर मात्र लागू गर्ने गरी ऐन सम्शोधन गरेकोले साविककै वमोजिम सम्पतिकर निर्धारण हुन नसक्ने अवस्था श्रृजना भएको यस सभाका सम्पुर्ण सदस्यज्यूहरुलाई विदितै छ । ऐनको सोहि संम्शोधित व्यवस्था वमोजिम साविककै दररेटमा नवढ्ने गरि नगरसभा मार्फत सम्पतिकर निर्धारण गरिएको हो ।

टोखा नगरपालिका नगर कार्यपालिकाको कार्यालय झैंडुखेटी, काठमाडौं २०७३

समग्रमा सम्पतिकर वृद्धि नभएको व्यहोरा यस सभाका सदस्यहरुलाई जानकारी छदैछ । साविकमा घरजग्गा करमा समावेश जग्गामा समेत मालपोत कर लिने व्यवस्था रहेकोमा हाल सम्पतिकरमा समावेश हुने जग्गाको हकमा मालपोतकर नलाग्ने व्यवस्था गरिएको छ । श्रावण १ गते देखि कार्यान्वयन गर्ने परिपत्रमा सभाको निर्णयको कैफियत महलमा भएको सम्पतिकरको छुटको प्रावधान भूलवस छुट हुन गएकोले सो को जानकारी प्राप्त भएपश्चात लगतै पत्राचार गरिएको जानकारी गराउन चाहान्छु ।

अत: नगरपालिका हामी सवै जनप्रतिनिधीहरुको साझा थलो हो यसको समग्र विकासको लागि सम्पुर्ण जनप्रतिनिधीहरुको उत्तिकै कर्तव्य र जिम्मेवारी रहेको छ । नगरपालिकावाट भएका कमीकमजोरीहरु आगामी दिनमा सवै सदस्यज्यूहरुको सहयोग र सहकार्यमा सुधार गर्दै लैजाने प्रतिवद्धता व्यक्त गर्दै म सम्पुर्ण नगर सभाका सदस्यज्यूहरुलाई नगरको संवृद्धिको लागि एकढिक्का हुन आव्हान गर्दछु । स्थानीय सरकारकालाई पक्ष-प्रतिपक्ष हुने छुट संविधानले दिएको छैन तसर्थ संविधानको भावना तथा नगरवासीहरुको चाहाना वमोजिम नगरको संवृद्धि हासिल गर्ने कार्यमा हातेमालो गर्दै आ-आफ्नो जिम्मेवारी निर्वाह गर्न म सम्पुर्ण सदस्यसाथीहरुलाई आग्रह गर्दछु ।

कार्तिक २९, २०७५

धन्यवाद ।।

# बिशेष नगरसभा, २०७५ का निर्णयहरु:

१. मौजुदा रहेका विषयगत समितिहरुलाई पुनर्गठन गरि २ वटा विंषयगत समितिहरुको संयोजक विशेष नगरसभाको माग गर्ने नगर सदस्यवाट हुने साथै सबै विषयगत समितिहरुमा ऐन अनुसार सदस्यहरु थप गरि प्रतिनिधित्व गराउने ।

२. लक्षित वर्गको कार्यक्रम संचालन गर्न प्रत्येक वडाबाट १/१ जना सदस्य रहने ११ सदस्यीय कार्यदल गठन गरि उक्त कार्यदलको सिफारिस् अनुसार कार्यविधि बनाई वडागत रुपमा कार्यान्वयन गराउने ।

३. आ.व. ०७६/७७ को लागि राजश्वका विविध विषयका सम्बन्धमा कार्यदल गठन गरि अध्ययन अनुसंन्धान गरि राजश्व परामर्श समितिको संलग्नता हुने गरि नयाँ करको दायरालाई फराकिलो बनाई अघि बढ्ने साथै मालपोतको आ.व. ०७६/७७ समायोजनमा हेरफेर गर्ने ।

४. सार्वजनिक जग्गा संरक्षण सम्बन्धमा वडाध्यक्ष दिपक राज जोशीज्यूको संयोजकत्वमा नगर कार्यपालिकाले ५ सदस्यीय कार्यदल गठन गरि उक्त कार्यदलले पूर्ण लगत संकलन गरी कानून बमोजिम कार्यान्वयन गर्न नगर कार्यपालिकामा प्रतिवेदन पेश गर्ने ।

५. गत नगरसभाबाट बिनियोजन भए भन्दा बढी आम्दानी देखिएमा बढी भएको रकम बिनियोजन गर्न छलफल अगाडि बढाई प्राथमिकता र सहमतिको आधारमा अघि बढ्ने ।

६. चालु आ.व. को नगरसभावाट निर्णय भएका योजनामा वडास्तरीय तथा नगरस्तरीय उल्लेख नगरी एकरुपता कायम गर्ने ।